नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५११५०१

फ्याक्स ९७७-१-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या :- ०८२/८३
च. नं. :- १८४६

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८३/०१/०२

श्री प्रभु हाईड्रो डेभलपमेन्ट फण्ड प्रा.लि.,
का.मा.पा.३२ ,तिनकुनेकाठमाडौं, नेपाल।
फोन नः०१-५९१५१८७/५९१५१८७

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित मध्य इन्द्रावती खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू पैंतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/१२/३० गतेको निर्णयानुसार जानकारी गराइन्छ।

१. प्रस्तावित क्षेत्रको आंशिक भाग **लाङटाङ राष्ट्रिय निकुन्ज क्षेत्रको मध्यवर्ती क्षेत्र** पर्ने देखिएको हुनाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौं संसोधन) को दफा १२(५) बमोजिम वन तथा वातावरण मन्त्रालयको सहमति छ महिना भित्र पेश गर्न र सो अवधि भित्र सहमति पेश गर्न नसकेमा दरखास्त रद्द हुने।
२. प्रवर्द्धक कम्पनी दर्ताको प्रमाणपत्र ,प्रवन्धपत्र तथा नियमावली, प्यान दर्ता, शेयरवाला दर्ता किताब, कर चुक्ता प्रमाण पत्र, कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र र कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरणहरूको नोटराइज प्रतिलिपि |
३. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति र व्यक्ति तोकेको संचालक समितिको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित भएको परिचय पत्र|
४. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ पेश भएकोले सो लाई पुष्टि हुने कागजात/विवरणहरु |
५. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको पछिल्लो कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि |
६. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि |
७. परामर्श दातृ संस्थासँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (कम्पनी तथा प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखास्त सहित) |

(पुनम पाण्डे)
इन्जिनियर